'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १०९ आइतवार ३० मंसिर, २०८१ 15 (Sunday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### कार्यालय बिघटन हुनै लाग्दा बजेट बाँडफाँडमा मनपरी
## पर्यटन प्रवर्द्धनका नाममा दाङका नौ पालिकामा साढे सात करोड लगानी

■ नमस्ते समचारदाता
कोहलपुर, मंसिर/२९



लुम्बिनी प्रदेश सरकारले प्रदेशका १२ वटै जिल्लामा पर्यटन कार्यालय स्थापना गर्ने निर्णय गरिसकेको छ । संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) मा घरेलु तथा साना उद्योग कार्यालय दाङको नाम उद्योग तथा पर्यटन कार्यालय दाङ पनि भएको छ । पर्यटन डिभिजन कार्यालय रुपन्देही र पर्यटन डिभिजन कार्यालय बाँकेलाई खारेज गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ तर दाङका लागि विनियोजन भएको पर्यटनको बजेट कार्यान्वयन भने पर्यटन डिभिजन कार्यालय बाँकेले नै गर्ने भएको छ। घरेलु तथा साना उद्योग कार्यालय दाङका निमित्त प्रमुख सन्तोष सुवेदीले उद्योग तथा पर्यटन कार्यालयको नाममा ओएनएम पास भए पनि बजेट नआएकोले पर्यटनसम्बन्धी बजेटको काम पर्यटन डिभिजन कार्यालय कोहलपुर बाँकेले नै गरिरहेको बताए । पर्यटन डिभिजन कार्यालय कोहलपुर बाँकेका प्रमुख टंक खनालले घरेलु तथा साना उद्योग कार्यालयले नै पर्यटनको काम गर्ने निर्णय भए पनि यो वर्ष कार्यान्वयन नभएको जानकारी दिऐ । लुम्बिनी प्रदेश सरकार उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका प्रवक्ता गणेश घिमिरेले यो आर्थिक वर्षमा पुरानै आर्थिक वर्षको भुक्तानी बाँकी रहेकाले कार्यालय नसारिएको बताउँदै अर्को आर्थिक वर्षबाट दुईवटा पर्यटन कार्यालय नरहने तथा पर्यटनको काम घरेलु तथा साना उद्योग कार्यालयमार्फत हुने बताए। पर्यटन डिभिजन कार्यालय कोहलपुर बाँकेले यस वर्ष पर्यटनसम्बन्धी दाङका मात्रै ६१ ठाउँमा काम गर्दैछ । सात करोड ३४ लाख बजेट जिल्लाको पर्यटन क्षेत्रमा विनियोजन भएको पर्यटन डिभिजन कार्यालय कोहलपुर बाँकेले जानकारी दिएको छ। कार्यालयका अनुसार तुलसीपुर उपमहानगरपालिकामा त्रिसिद्धेश्वरी मन्दिर पूर्वाधार निर्माण (अधुरो) लागि ३० लाख बजेट छ । तकसेरा समाज सांस्कृतिक भवन निर्माण तुलसीपुर-४ का लागि १८ लाख रुपैयाँ बजेट छ । ऐतिहासिक छिल्लीकोट र कालिका मन्दिर संरक्षण तुलसीपुर-१९ र भैरव गुफा तथा नरसिङ भेराम मन्दिर निर्माण तथा व्यवस्थापन तुलसीपुर-३ का नाममा १५/१५ लाख तथा क्रान्ति संग्रहालयको पूर्वाधार निर्माण तुलसीपुर-१९ संक्राम, कौवापुर शिव मन्दिर तुलसीपुर-१२, देवस्थल मन्दिर व्यवस्थापन तुलसीपुर-१२, बाघ बाहिनी दुर्गा भगवती मन्दिर तुलसीपुर-१०, मगर गुम्बा पूर्वाधार निर्माण तुलसीपुर-५, धनञ्जय गोत्रीय मन्दिर निर्माण गणेशपुर-७ र नवदुर्गा ग्रीन पार्कमा पूर्वाधार निर्माण तुलसीपुर-९ का लागि १० लाखका दरले बजेट बिनियोजन गरिएको छ । यस्तै मष्टकला संरक्षण केन्द्रको पूर्वाधार निर्माण तुलसीपुर-७ का लागि आठ लाख तथा भयारथान संरक्षण तुलसीपुर -४ वनहरी, भयारथान संरक्षण तुलसीपुर-१५ गब्दहवा, मोतीपुर थारुगाउँ भयार थान संरक्षण तुलसीपुर-११, कटकुइया भयार थान संरक्षण तुलसीपुर-८, कोठरी शिव मन्दिर तुलसीपुर-१५, दमार गाउँ सत्संग पूर्वाधार निर्माण तुलसीपुर-३, भयारथान संरक्षण तुलसीपुर-७ बम्नै, भयारथान संरक्षण बरुवागाउँ, तुलसीपुर-६, शिव मन्दिर संरक्षण खर्चवा तुलसीपुर-७, वन कटुवा भयारथान संरक्षण तुलसीपुर-६ र सत्संग भवन निर्माण बेलुवा तुलसीपुर -९ पशुपति टोललाई सात लाखका दरले बजेट विनियोजन भएको छ।

*बाँकी ३ पेजमा...*

## नवीन गिरीको नेतृत्वमा महासंघ बाँके

■ नमस्ते समचारदाता
बाँके, मंसिर/२९



नेपाल पत्रकार महासंघ बाँकेको अध्यक्षमा नवीन गिरीसहितको नयाँ कार्यसमिति निर्वाचित भएको छ । शुक्रबार भएको निर्वाचनको शनिबार बिहान सम्पन्न गरिएको मतगणनाको अन्तिम परिणाममा गिरी ४८ मतान्तरका साथ बाँकेको अध्यक्षमा निर्वाचित भएका हुन । गिरीले ११८ मत प्राप्त गरे भने उनका निकटम प्रतिद्वन्द्वी प्रेस सेन्टरका प्रदिप वाग्लेले ७० मत प्राप्त गरे । त्यस्तै, अध्यक्ष पदका अर्का उम्मेदवार विश्वराज पछल्डङ्याले १८ मत प्राप्त गरेका छन् । निर्माचनमा वरिष्ठ उपाध्यक्षमा तिलक गाउँले र रेजिना मल्लले बराबर १०२/१०२ मत प्राप्त गरेर आधा आधा कार्यकाल सम्हाल्ने सहमति गरेका छन् । यसैगरी, महिला उपाध्यक्षमा एक मतले सावित्रि गिरीलाई पराजित गरेर करुणा शाह विजयी भइन् । शाहले १०२ मत प्राप्त गर्दा गिरीले १०१ मत प्राप्त गरिन् । सचिवमा कृष्ण ओलीले १०७ मत प्राप्त गरेर विजयी भए भने उनका निकटतम प्रतिस्पर्धी शकील अहमद कादरीले ९७ मत प्राप्त गरे। कोषाध्यक्षमा सुनिल रेग्मीले १२२ मत प्राप्त गरेर विजयी हुँदा उनका निकटतम प्रतिस्पर्धी बिजय मल्लले ८३ मत ल्याए । सहसचिवमा रबिन्द्र सिंह ठकुरी र भगतराम थारू तथा कार्यसमिति सदस्यहरूमा रजनी योगी, आशा परियार, निर्मला चौधरी, यदुराज मिश्र, सलामत अलि शेष, पहल बहादुर केसी, सम्भु थारू, कृष्णराज अधिकारी, रबिन्द्र घिमिरे, समिरमान श्रेष्ठ, सबित्रि बिश्वकर्मा, सजन आरसी र धना बिष्ट बिजयी भएको निर्वाचन समितिका प्रमुख शरण कर्माचार्यले जानकारी गराए । महासंघको बाँके शाखामा जम्मा मतदाता संख्या २४२ रहेकोमा २१८ मत खसेको थियो भने शुक्रबार राति ९ बजेबाट मतगणना सुरु भएको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०८५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

## चितुवाको आक्रमणबाट बर्दियामा ६ जना घाइते

■ नमस्ते समचारदाता
बर्दिया, मंसिर/२९




बर्दिया राष्ट्रिय निकुञ्जका वरिपरिका क्षेत्रमा बाघ र चितुवाको आक्रमण हुनेक्रम जारी छ । सोही क्रममा बर्दियाको ठाकुरबाबा नगर पालिकामा शनिवार विहान चितुवाको आक्रमणबाट ६ जना स्थानीय घाइते भएका छन् । ठाकुरबाबा नगरपालिका-४ खैलार गाउँनजिक चितुवाको आक्रमणमा परेर स्थानीय भुती थारु, बिरु थारु, गणेश मल्ल, उमेश थापा, हरि लम्साल र सुदीप थारु घाइते भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय बर्दियाले दिएको जानकारीअनुसार बबई नदी किनारको झाडी सफा गर्न जाँदा शनिवार बिहान भुती थारुलाई चितुवाले आक्रमण गरेको थियो। उनलाई बचाउन जाँदा अरू तीन जनालाई पनि चितुवाले आक्रमण गरेको छ । त्यसपछि चितुवा नियन्त्रणमा लिन बर्दिया राष्ट्रिय निकुञ्जको टोली त्यहाँ पुगेको थियो। चितुवालाई नियन्त्रणमा लिन खोज्दा चितुवाले थप दुई जनालाई आक्रमण गरेको प्रहरीले जनाएको छ । चितुवाको आक्रमणबाट घाइते भएकाहरूको ठाकुरबाबा नगर अस्पतालमा उपचार भइरहेको छ।

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## रविलाई गलाउने प्रतिशोध

फौजदारी मुद्दामा घटना जोडिएको ठाउँमा जहाँबाट पनि मुद्दा हाल्न सकिन्छ । र, त्यो मुद्दा त्यहीँको अदालतले हेर्नुपर्छ । शासक, प्रशासकका लागि यो ठूलो हतियार हो । फौजदारी अभियोग पनि बाहिरै राख्ने र पूर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने दोहोरो चरित्रको भयो । यसले पहुँचवाला र शासक, प्रशासकले जोसँग पनि प्रतिशोध साधेर थुनामा राखी बदनाम गर्ने, चरित्र हत्या गर्ने, जसरी पनि दोषी करार गर्ने खालको प्रयास हुन थालेको छ । यो ठूलो अन्याय र मानव अधिकार उल्लंघनको विषय हो । त्यसैले, अनुसन्धान समान रूपमा हुनुपर्छ । कारबाही पनि समान रूपमै हुनुपर्छ । हाम्रो राज्यसत्ताले जहिले पनि प्रतिशोध साध्ने काम मात्र गऱ्यो । रवि लामिछाने काण्ड एउटा सानो पक्ष हो । रवि जोडिएको भन्दा पनि ठूला अपराधमा मुछिएका आफ्ना नेता–कार्यकर्ता र आसेपासेलाई काँधमा बोकेर यथास्थितिवादी शक्तिहरू हिँडिरहेका छन् । राज्यशक्ति आफ्नो हातमा हुँदा एउटै काण्डमा मुछिएका एउटा आरोपीलाई जोगाउने र अर्कालाई फसाउने, नंग्याउने, धरपकड गर्ने तथा जेलमा हाल्ने राज्यको प्रवृत्ति घातक छ । जबकि रविले कानुनलाई सघाउँछु, अनुसन्धानमा सहयोग गर्छु, छानबिन गर, समिति बनाऊ भनेकै थिए । रविमाथि जहाँ–जहाँ सकिन्छ, त्यहाँ–त्यहाँ मुद्दा हाल्ने, लैजाने, बदनाम गराउने, सत्ता र शक्तिको विधि र प्रक्रियाको चरम दुरुपयोग गर्ने नियत देखिन्छ । संसारकै मूल्य–मान्यता उल्लंघन हुने गरी, लोकतन्त्रको धज्जी उडाउने गरी, हिजोको तानाशाही व्यवस्थाको झल्को दिने गरी बन्दीलाई रातोदिन सुत्न र आरामसमेत गर्न नदिई, खानपिन र स्वास्थ्योपचार समेतलाई ख्याल नगरी रातारात दौडाउनु निन्दनीय छ । राज्य यसरी किन खनिइरहेको छ, रविविरुद्ध ? रवि नामुद बदमास नै हो भनेर मान्छेमा कसरी छाप पार्न सकिन्छ भन्नेतिर अनुसन्धान उन्मुख छ । भोलि मुद्दा जिल्ला हुँदै पुनरावेदन र सर्वोच्चसम्म पुग्छ । अदालतले दोषी ठहर गरेपछि मात्र रवि दोषी ठहरिने हुन्, तबसम्म सत्ताले चाहँदैमा उनी दोषी साबित हुने होइनन् ।


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# वास्तविक पाठशाला नै घर

नवराज रिजाल




> घरको विकल्प विश्वविद्यालय किमार्थ हुन सक्दैन । आजका हामी अति व्यस्त छौं । हामीसँग समयको पाबन्दी छ । चाहेको कुरा गर्न र भनेको ठाउँमा पुग्न कठिन छ । जीवन दिनप्रतिदिन साँघुरो, असजिलो र अप्ठेरो भइरहेको छ । यति हुँदाहुँदै पनि बालबालिकाको पहिलो सिकाइका निम्ति सबैभन्दा उपयुक्त स्थान घर नै हो ।



नवराज रिजाल

हरेक व्यक्तिको पहिलो सिकाइ घरबाटै आरम्भ हुन्छ र पहिलो शिक्षिका आमा नै हुन्छिन् । हामी सबैले कुराको गहिराइ जानेका, बुझेका र यथार्थबोध पनि गरेका छौं । प्रसङ्ग पुनः कोट्याएर बहस, छलफल, वादविवाद र तर्कवितर्क गरिरहनुको कुनै तुक वा औचित्य छैन । कुनै पनि मानिस घर परिवारमा के कस्तो वातावरणमा हुर्कियो, कुन किसिमको माया, ममता, सद्भाव, प्रेम र स्नेह पाएर बढ्यो तथा साथीभाइ सहपाठी के कस्ता थिए जस्ता कुराले उसको व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसर्थ कुनै मानिसको व्यक्तित्व अध्ययन र उसको सफलता/असफलता अध्ययनका लागि घरपरिवारको अध्ययन हुनु अति आवश्यक छ । यही कुरालाई आधार मानेर उसको वर्तमान पद्दै भविष्य यात्राको आकलन पनि गर्न सकिन्छ । बाल्यकालीन विकासको जगमा नै हरेक मानिसमा सोच र चिन्तनको विकास हुन्छन् । विश्वास र आस्थाका आधारहरू निर्माण हुन्छन् । मनमा जन्मेका धारणाले सार्थक बन्ने सुअवसर पाउँछन् । घर खासमा घर हुनुको कारण सामाजिक परम्परा, मूल्य, मान्यता, व्यवहार, आस्था, विश्वास र विचारहरू त्यहीँ बन्दै जान्छन् । अपवाद छाड्ने हो भने बाल्यवयमा घरमा जे सिकियो वा सिक्न उत्प्रेरित गरियो त्यही आधारमा बालकको भविष्य निर्माणको शङ्खला आरम्भ हुन्छ । यी र यस्ता कुरा सबै समाज वा समुदायमा लागु हुन्छन् । सबैतिरबाट देख्न र बुझ्न सकिने यथार्थ यही हो तर हाम्रो ध्यान यतातिर पुग्न सकिरहेकै छैन । बाहिरी र देखावटी भुलभुलैयाले मन मस्तिष्कमा खाँबो गाडिरहेको छ । हामी विषयको गहिराइसम्म नपुगी बाहिरी संसारमा हराइरहेका छौं । माथि प्रसङ्ग कोट्ट्याइसकेको छ, घर मानव जातिको पहिलो पाठशाला हो । पहिलो पाठशालामा सिकेको कुराले जीवनमा ठुलो प्रभाव पार्छ । यसर्थ घरभन्दा अन्य ठुलो पाठशाला संसारमा अरू हुन सक्दैन । पहिलो पाठशालाबाट सिकेका ज्ञानले जीवनमा विशेष महत्व राख्छ । बालबालिकालाई जीवनमा कुन बाटो हिँडाउने, कसरी हिँडाएर कहाँ पुर्याउने यो कुराको निर्क्योल घरबाटै हुन्छ । घरमा बा, आमासहित हजुरबा, हजुर आमा र अन्य सदस्यबाट प्राप्त हुने ज्ञान र सिपको अथाह भण्डार हुन्छ । यसर्थ सिक्ने सिकाउने र बुझ्ने बुझाउने कुराको आरम्भ घरैमा गरिनु आवश्यक छ । यसको अर्थ हो सिकाइको आरम्भ घरबाट हुने भएकाले बालबालिकालाई ज्ञान, बुद्धि र सिपको विकास गराउन घर अति महत्वपूर्ण हुन्छन् तर हाम्रा घर घर जस्ता छन् कि छैनन्, तिनीहरूमा ज्ञान, चेतना, बुद्धि, विवेक र नैतिकता सिकाउने क्षमता कत्तिको छ यी कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ । हाम्रो घर घर जस्तो बनाउने दायित्व हाम्रै हो । अन्य कसैले आएर हाम्रा घर बनाइदिँदैनन् । यति सोच्न सके हाम्रा घर साँच्चै घर र पहिलो पाठशाला हुने छन् । बालबालिकाको प्रारम्भिक सिकाइमा घरको ठुलो महत्व रहने कुरामा कसैको विमति छैन । बालबालिकालाई घरले जे जस्तो बाटो हिँडाउने प्रयत्न गर्छ, ती त्यस्तै बाटोबाट हिँड्न अग्रसर रहन्छन् । यसर्थ उनीहरूको पालनपोषणदेखि रेखदेख र स्याहारसुसारसम्मका कार्यहरूमा विशेष ध्यान दिनु अति आवश्यक छ । घरमा प्रारम्भिक अवस्थामा उचित स्याहारसुसार र संरक्षण नपाएका बालबालिकालाई सहज बाटोबाट हिँडाउन कठिन हुन्छ । हाम्रो ध्यान यतापट्टि पटक्कै जान सकिरहेको छैन । विद्यालय पठाए सबैथोक हुन्छ, गर्नुपर्ने जति उसैले गरिदिन्छ, यो उसको जिम्मेवारी नै हो, हामी यही मान्यता बोकेर हिँडिरहेका छौं तर यस मान्यताले फाइदाको साटो हानी पुऱ्याइरहेको छ यो कुरामा प्रवेश गर्न सकिरहेका छैनौं । बालबालिकालाई घरायसी वातावरणमा सिकाउनु आवश्यक छ । घरायसी वातावरणमा परिवारका सदस्यहरूबाट जति सिक्छन् त्यति अन्यत्रबाट सिक्न कठिन छ । सिकाइ एउटा कर्म हो यसका लागि कामना गररेर पुग्दैन । ठोस र सकारात्मक कामले मात्र सफलता प्राप्त गर्न सकिन्छ । हामी अधिकांश अभिभावक आफ्ना सन्तानलाई कुन बाटोबाट कसरी हिँडाएर कहाँ पुर्याउने भन्नेतिर गहिराइका साथ सोच बनाउन नै सक्दैनौं । बनायौं भने पनि सही रूपले कार्यान्वयनतिर जाँदैनौं । कार्यान्वयन नगरिएको सोचले कुनै काम गर्न सक्दैन । त्यस्तो सोच कल्पनाभन्दा बढी केही पनि हुँदैन । उचित समयमा आवश्यक सोचका साथ सुझबुझपूर्वक घर परिवारबाट आवश्यक काम नगरिएका कारण हाम्रा बालबालिका असल गन्तव्य भेट्टाउन असमर्थ भएका हुन् । यो कुरालाई गम्भीरतापूर्वक लिँदै यथाशीघ्र त्यो दिशामा जानु अति आवश्यक छ । आजसम्म यस्ता काम आवश्यक मात्रामा नभएका कारण हाम्रा बालबालिकाका पाइला पछाडि परिरहेका हुन् । अझै पनि घरलाई जीवनको सबैभन्दा ठुलो पाठशाला ठानेर काम नथालिए भविष्यमा अशुभ परिणाम निम्तिने सम्भावना प्रचुर छ । समस्या बाजा बजाएर वा जानकारी दिएर आउँदैन । त्यो अकस्मात् आउँछ र समस्याको पहाड उभ्याइदिएर आफ्नो बाटो लाग्छ । यसर्थ बेलैमा सोच्नु अति आवश्यक छ । हाम्रा अधिकांश घर साँच्चै घर बन्न नसकेका कारण आज घर घरमा अनेकौं समस्या आएका हुन् । दिनप्रतिदिन विविध घटना परिघटना घटेका हुन् । एक पुस्ताको अर्को पुस्तामा रहनु पर्ने मायाको मात्रा घट्दै गएको हो । बालबालिका विदेशप्रति मोहित बन्दै गएका हुन् । आफूसँग केही छैन जे छ परायसँग नै छ भन्ने विचारले उनीहरूको मन मस्तिष्कमा घर गरेको हो । यी सब घर घर जस्ता हुन नसकेका कारण निम्तिएका समस्या हुन् । तिनीहरूले घरमा घरायसी वातावरण पाउन सकेका भए यस्ता समस्या अत्यन्तै कम हुने थिए । परदेश मोह पनि त्यति विकराल रूपमा देखिने थिएन । हामी आजका लागि आजै सोचिरहेका छौं । आजका लागि हिजो सोच्नु पर्ने थियो । हामी यहीँनेर चुक्यौं । अहिले त्यही कारण अप्ठेरो अवस्थामा आइपुगेका हौं । आज भोलि पर्सिको लागि सोच्ने बेला हो । यसर्थ दीर्घकालीन सोच बोकेर भोलिको निम्ति बाटो बनाउनु आवश्यक छ । यसले मात्र सुखद परिणाम दिन सक्छ । कामको थालनी जति चाँडो छिटो आरम्भ गर्न सकिए त्यति चाँडै बाटो सरल र सहज बन्छ । तर हामी अधिकांशका ध्यान बालबालिकातिर जान सकिरहेको छैन । विभिन्न चटारा र हतारामा रुमल्लिएका छौं । उनीहरूका हेरचाह र स्याहारसुसार तथा शिक्षादीक्षालाई सामान्य ठानिरहेका छौं । यो काम कसैलाई जिम्मा दिँदा हुने ठानेर त्यही अनुसार गरिरहेका छौं । यही सोचका हाम्रो बाटो बिग्रिएको हो । हामीपछि परेका मात्र हाइनौं सन्तानविहीन बन्दै गइरहेका पनि हौं । यो विषयमा गम्भीरतापूर्वक सोचिनु अति आवश्यक छ । हरेक व्यक्तिको मन मस्तिष्कमा राम्रो नराम्रो वा सकारात्मक नकारात्मक धारणा विकास घरबाटै हुन्छ । यो सिकाइरहनु, बुझाइरहनु र सम्झाइरहनु पर्ने विषय नै होइन । यस्ता सन्दर्भ वा प्रसङ्ग बालबालिका आआफ्ना घर परिवारका सदस्यबाट आफैं सिक्छन्, बुझ्छन् र मनन् गर्छन् । घरमै सोच, विचार, विश्वास र चिन्तन क्रमशः विकास हुँदै जान्छ । हामीले सोचे भैं बालबालिकाका दिमाग खाली र रित्ता कहिल्यै हुँदैनन् । सिकाइ शून्य हुन्छ भनिने विचार सत्य निकट छैन । यसो भनेर अहिलेसम्म आत्मरतीमा रमाउन हामी खोजिरहेका छौं । सत्य खोजीमा भन्दा होहल्लामा रमाउने प्रवृत्ति अधिक रहेको यो एउटा ज्वलन्त प्रमाण हो । घरमा सिकाउन सकिँदैन वा सिक्न खोज्दैनन् यस्ता विचार पनि यदाकदा भेटिन्छन् तर यो यथार्थ विचार किमार्थ होइन । नसकिए किन सकिएन ? आवश्यक ध्यान दिन नसकिएको पो हो कि ? यो सोच्नु आवश्यक छ तर यतातिर हाम्रो ध्यान पटक्कै पुग्न सक्दैन । यसैले बाटो नदेखेर आज पनि निरन्तर अलमलिइरहेका हौं । विद्यालयलाई सन्तान जिम्मा लगाउन पाए सम्पूर्ण दायित्व सकिन्थ्यो वा पूरा हुन्थ्यो भन्ने हाम्रा आँखा अगाडि अनगन्ती वा बग्रेल्ती छन् । ती आँखा र मस्तिष्क विद्यालयलाई सबथोक देख्छन् । आफ्नो हैसियत र औकात चाहिँ मूल्याङ्कन गर्दैनन् । बालबालिका के चाहन्छन्, कस्तो वातावरणले सिकाइमा भरथेग गर्छ यतातिर ध्यान जाँदै जाँदैन । एउटा असल घर जीवनोपयोगी विश्वविद्यालय हो । अझ त्योभन्दा पनि माथि भए त्यो पनि हो । विश्व विद्यालयले त पाठ्यक्रमले तोकेको विषयवस्तु पढाउँछ । आफ्नो काममा पारङ्गत पनि बन्न सघाउँछ । व्यक्तिमा निहित क्षमतामा निखार ल्याउन मद्दत गर्छ । जीवनको दिशा निर्धारणमा सहयोगीको भूमिका पखेल्छ तर यति हुँदाहुँदै पनि घर र विद्यालयका बिच ठुलो अन्तर छ । घरको विकल्प विश्वविद्यालय किमार्थ हुन सक्दैन । आजका हामी अति व्यस्त छौं । हामीसँग समयको पाबन्दी छ । चाहेको कुरा गर्न र भनेको ठाउँमा पुग्न कठिन छ । जीवन दिनप्रतिदिन साँघुरो, असजिलो र अप्ठेरो भइरहेको छ । यति हुँदाहुँदै पनि बालबालिकाको पहिलो सिकाइका निम्ति सबैभन्दा उपयुक्त स्थान घर नै हो । यो कुरा कुनै पनि हालतमा बिर्सन हुँदैन । *-गोरखापत्र*

वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू

- जान चाहेको देशको भाषा, कानून र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- वैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको वैदेशिक रोजगारसम्बन्धी कानूनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जाऔं ।
- वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनिले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- वैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- वैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बाढीपीडितले अझै पाएनन् राहत

नमस्ते समचारदाता
मुगु, मंसिर/२९



विसं २०७९ को असोज महिनाको तेस्रो साता भएको भीषण वर्षाका कारण जिल्लाका विभिन्न ठाउँमा गएको बाढीपहिरोले सयौँ परिवार विस्थापित भएका थिए। विस्थापितको तत्काल सुरक्षित बसोबासको व्यवस्था गरिने भनिएकोमा अझै पनि व्यवस्थापन हुन सकेको छैन। सङ्घीय सरकारको निर्णय अनुसार कर्णालीका अन्य जिल्लालगायत मुगु जिल्लालाई पनि बाढीपहिरोको सङ्कटग्रत क्षेत्र घोषणा गरिएको थियो। बाढीपीडितले अहिलेसम्म पनि राहत रकम नपाउँदा उनीहरू अहिलेसम्म छिमेकीको शरणमा बस्दै आएका छन्। बाढी पहिरोले जिल्लाको छायानाथ रारा नगरपालिका, सोरू गाउँपालिका र खत्याड गाउँपालिकाका एक हजार तीन सय घरको पूर्ण तथा आंशिक क्षति भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क छ। जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेका अनुसार सङ्घीय सरकारको निर्णय अनुसार मुगु जिल्लालाई पनि सङ्कट क्षेत्र घोषणा गरेको थियो। जिल्लाको छायानाथ रारा नगरपालिका, खत्याड गाउँपालिका र सोरू गाउँपालिका पूर्ण र आंशिक क्षति भएका घरको विवरण सङ्कलन गरेर यथार्थ विवरण उपलब्ध गराइदिन पटक पटक पत्राचार गरेकोमा स्थानीय निकायले क्षति विवरण उपलब्ध नगराइदिँदा बाढीपीडितको लगत सम्पादन गर्न कठिनाइ भएको हो। खत्याड गाउँपालिकाका अध्यक्ष अजबहादुर (अमरधोज) शाही भन्नुहुन्छ, "जिल्लाका बाढीपीडितलाई केन्द्रीय सरकारले सङ्कट क्षेत्र घोषणा गरेको नै नाटक जस्तो लाग्यो। राष्ट्रिय विपत् प्राधिकरणको कार्यतालिका अनुसार पुनः प्राविधिकको डिजिटल (यमआइसी) डाटाको मूल्याङ्कन कार्यान्वयन अनुसार बाढीपीडित यकिन गरी राष्ट्रिय विपत् प्राधिकरणलाई सिफारिस गरेको महिनौँ बितिसक्दा पनि सम्बन्धित निकायले बाढीपीडितलाई राहत दिन सकेको छैन।" खत्याडका बाढीपीडितलाई केन्द्रीय र प्रदेश सरकारले राहत नदिँदा केही पीडितले आफन्तसँग ऋण लिएर सानोतिनो बास निर्माण गरेर बसेका छन्। आर्थिक अभावका कारण केही बाढीपीडित परिवार सहित रोजगारीका लागि भारत पसेको उहाँले बताउनुभयो। छायानाथ रारा नगरपालिका-६, कोटिला गाउँका गान्टो ऐडीका अनुसार बाढीपहिरोले घर नै भत्काएर बस्ने ठाउँ नभएपछि पालमा ओत लागेर बस्दा चिसो र हिमपातका कारण बालबालिका बिरामी परेका छन्। केही समययता भने छिमेकीको गोठमा बस्दै आएको उहाँले बताउनुभयो। "सरकाले हामी बाढीपीडितलाई अनुदानमा घर निर्माण गरिदिने आश्वासन पाएका थियौँ, आसैआसमा २८ महिना बितिसक्यो। घर बनाउनलाई आफूसँग धन छैन। अहिले छिमेकीको घरगोठमा बालबालिकासहित ओत लाग्दै आएका छौँ," उहाँले भन्नुभयो। यस्तै छायानाथ रारा नगरपालिका-८ का कृष्णबहादुर रावल सङ्घीय, प्रदेश र स्थानीय सरकारले यहाँका पीडितलाई न्याय नदिएको जस्तो महसुस भएको बताउनुहुन्छ। "बाढीपहिरोकै कारणले झ्यारी गाउँको पूरै बस्ती पालमा ओत लागेर बस्नुपर्ने बाध्यता र हेको छ। बच्चा र वृद्धवृद्धामा चिसोले स्वास्थ्य समस्या देखिएको छ तर सम्बन्धित निकायको चासो छैन," उहाँले दुःखेसो पोख्नुभयो।

# पत्रकारिता क्षेत्र ऐनाजस्तै हुनुपर्छः शाही

नमस्ते समचारदाता
हुम्ला, मंसिर/२९



कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले समाज परिवर्तनका लागि पत्रकारिता क्षेत्र ऐनाजस्तै हुनुपर्ने बताएका छन्। पत्रकार महासंघ हुम्ला शाखाका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुको शपथग्रहण तथा प्रमाणपत्र वितरण कार्यक्रममा पूर्वमुख्यमन्त्री शाहीले शनिबार सो कुरा बताएका हुन्। निर्वाचित टिमलाई शपथ खुवाउने र प्रमाणपत्र वितरण गर्ने कार्यक्रमपछि कांग्रेस कर्णाली प्रदेश सभामा संसदीय दलका नेतासमेत रहेका शाहीले समाज परिवर्तनका लागि पत्रकारिता क्षेत्र महत्वपूर्ण अंगका रुपमा रहने भएकाले पत्रकारले निष्पक्ष र पारदर्शी रुपमा पत्रकारिता गर्नुपर्ने बताए। जसरी ऐनामा अनुहार स्पष्ट रुपमा देखिन्छ समाजमा भएका कुरा पनि सञ्चारकर्मीले त्यसरी नै बाहिर ल्याउन सके परिवर्तन गर्न सहज हुने उनले बताए। जिल्लाका केही कुरा राष्ट्रिय स्तरका मिडियामा बाहिर आइरहे पनि अझै धेरै कुरा आउन बाँकी रहेकाले त्यस्ता समाजमा लुकेर रहेका कुरा बाहिर ल्याउन उनले सञ्चार कर्मीलाई आग्रह गरे। कार्यक्रममा खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावलले निष्पक्ष र स्वतन्त्र पत्रकारिता गर्न आग्रह गरे। राजनीति आस्था राख्नु पत्रकारका लागि गल्ती नभएको तर लेख्ने बेला त्यो आस्थालाई विर्सेर काम गर्न आवश्यक रहेको उनको भनाइ छ। सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले साझा संस्थाले साझा काम गर्ने गरी अगाडि बढे सहयोग गर्न गाउँपालिका तयार रहेको बताए। कार्यक्रममा सर्केगार्ड गाउँपालिकाका अध्यक्ष ठानबहादुर रोकायाले सधैँ नकारात्मक मात्र नभएर सकारात्मक कुराको पनि पत्रकारले समाचार बनाउन आवश्यक रहेको बताए। नाम्खा गाउँपालिकाका उपाध्यक्ष तकदिर लामाले समाज परिवर्तनको संवाहक क्षेत्र सधैँ सजक र सतर्क बनाउने खालका सामग्री दिन सके त्यसबाट सकारात्मक प्रभाव पर्ने बताए। कार्यक्रममा कांग्रेस उपसभापति वसन्त रोकाया, एमाले उपाध्यक्ष प्रकाशबहादुर शाही, माओवादी केन्द्रका सचिव धर्मराज बोहरा, राप्रपा अध्यक्ष विकास महतलगायतले शुभकामना सन्देश दिएका थिए। महासंघको हुम्ला शाखाका सबै पद सर्वसम्मत भएका थिए।

## पर्यटन...

यसैगरी घोराही उपमहानगर पालिकामा धारापानी पाण्डवेश्वर मन्दिर धार्मिक पर्यटकीय पूर्वाधार निर्माण घोराही-५ मा ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ भने शिवपुर पर्यटन पूर्वाधार निर्माण घोराही-११ मा ३० लाख, गोरक्ष रतननाथ धार्मिक क्षेत्र पूर्वाधार निर्माण र बाह्रकुने दहमा बहुउद्देश्यीय पार्क निर्माणमा २०/२० लाख रुपैयाँ बजेट छ। गढिटाकुरा देवस्थान भौतिक संरचना निर्माण घोराही-१२ र ढिकपुर ड्याम क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण घोराही-१७ मा १५ लाख रुपैयाँका दरले बजेट विनियोजन भएको छ। त्यस्तै महामृत्युन्जय गोरखनाथ धाम चौपट्टा पर्यटकीय क्षेत्र निर्माण वडा नम्बर ३, जस्पुरकोट भगवती मन्दिर पुनर्निर्माण वडा नम्बर ४, मौलाकोटमा पिकनिकस्थल निर्माण वडा नम्बर १३, गणेश सुधार समिति मन्दिर परिसर पूर्वाधार निर्माण वडा नम्बर १५ एकान्तटोल, ऐतिहासिक बराहक्षेत्र वासुदेव स्थान नरैना मन्दिर संरक्षण घोराही-९, बलिदान चर्चको स्तरोन्नति घोराही-२, राधाकृष्ण एवं ज्येष्ठ नागरिक संरक्षण संस्थाको कम्पाउन्ड वाल सहित गेट निर्माण घोराही-१७, कृष्ण मन्दिर क्षेत्रमा पार्क तथा योग भवन निर्माण घोराही-१३ र झिंगटी लेक पार्क पूर्वाधार निर्माण घोराही-१८ मा १०/१० लाख रुपैयाँका दरले बजेट विनियोजन गरिएको छ। सानो रत्ननाथ मन्दिर चौघेरा संरक्षण तथा संरचना निर्माण घोराही-१७ मा नौ लाख रुपैयाँ बजेट छ।

# विपतका घटनाबाट चिन्तित चुरे फेदी

नमस्ते समचारदाता
कञ्चनपुर, मंसिर/२९



शुक्लाफाँटा नगरपालिका चुरे फेदीको बस्तीमा विपत्जन्य गतिविधि बढ्दै जान थालेकामा बेलडाँडीका चन्द्रबहादुर चौधरी निकै चिन्तित छन्। बर्सेनि बर्सात्का बेला चुरे क्षेत्रमा निरन्तर जाने पहिरोबाट खोलामा बालुवा, गेग्रान, ढुङ्गालगायत भरिएर चौधरीको घरसम्म बाढीको पानी पुग्ने गरेको छ। खोला र जमिनको सतह बराबर भएपछि खोलाको पानी घरसम्म पुग्न थालेको उहाँ बताउनुहुन्छ। दुई वर्षदेखि बेलडाँडीमा वनहरा नदी र अनौखी खोलाको बाढी पस्न थालेको हो। "यस वर्ष भदौको अन्तिम साता बाढीको पानी गाउँमा पस्दा डुबान र कटानका कारण बालीनालीमा मात्र क्षति भयो, समयमै जानकारी पाइएपछि मानवीय क्षति हुन पाएन," चौधरीले भन्नुभयो, "गत वर्ष चुरेमा वर्षा हुँदा राति १:०० बजेको समयमा बाढी आउँदा स्थानीय किसानले पशुपक्षीलाई सुरक्षित स्थानमा सार्न नसक्दा ठुलो क्षति बेहोर्नुपरेको थियो।" बेलडाँडीको पूर्वतर्फ वनहरा र पश्चिमतर्फ अनौखी खोला छ। गाउँको उत्तरतर्फको भालुखोला पहिला निकै गहिरो थियो। वर्षाको पानी त्यही खोलामा बगेर जान्थ्यो। हाल चुरे क्षेत्रमा मानवीय गतिविधि बढ्दै गएपछि पहिरो जाँदा त्यो खोला पूरै पुरिएको स्थानीय मोतीराम चौधरी बताउनुहुन्छ। "केही वर्षयतादेखि वर्षाको सन्तुलन बिग्रिएको छ," उहाँले भन्नुभयो, "एकछिनमा ठुलो पानी पर्छ, पहिलाजस्तो निरन्तर पानी पर्दैन, एकछिन पर्ने मुसलधारे पानीले गर्दा आउने बाढी विनाशकारी हुने गर्छ, पहिला अहिलेको जस्तो बाढीको समस्या थिएन।" अहिले चुरे क्षेत्रमा निरन्तर जाने पहिराले गर्दा खोलानाला पुरिएपछि बाढीको पानी बस्तीमा पुगेर डुबान पटान गर्न थालेको उहाँको भनाइ छ। "अवैज्ञानिक रूपमा चुरे क्षेत्र नजिकका खोलानालाबाट ढुङ्गा, बालुवा, ग्राभेल, माटोलगायत उत्खनन हुन थालेको छ," वीरबहादुर चौधरीले भन्नुभयो, "चुरे क्षेत्रमा अवैध रूपमा गोठ राखेर बाख्रासहित पशु चौपाया चराउने कार्य हुन थालेको छ, आगलागीका घटनामा वृद्धि हुँदै गएका छन्, अवैध रूपमा रुखबिरुवा कटानी हुने क्रम बढ्दा विपत्को समस्या बल्झिँदै जान थालेको छ।" जग्गा कटानी रोक्न गत वर्ष दुई लाख रुपियाँ लगानीमा अनौखी खोलामा नगरपालिकाले तटबन्ध निर्माण गरे पनि यस वर्षको बाढीले तटबन्धै बगाएर लगेको चौधरीले बताउनुभयो। बढ्दै गएको बाढीजन्य विपत् सामना गर्न कुनै पनि निकायबाट प्रभावकारी काम नहुँदा चुरे क्षेत्रनजिकका बस्ती केही वर्षभित्र मरुभूमिमा परिणत हुने उहाँको भनाइ छ। उर्वर जग्गा प्रत्येक वर्ष बालुवा, ढुङ्गा, गेग्रानले कटान हुँदै जान थालेपछि विगतको जस्तो खेती हुन छाडेको मानबहादुर चौधरीले बताउनुभयो। उहाँका अनुसार खेतकै अन्नले वर्षभरि खान पुग्ने परिवार हाल खान नपुगेर भारतलगायत देशमा मजदुरी गर्न जान थालेका छन्। केही परिवार बस्ती नै छाडेर अन्यत्र बस्न थालेका छन्। खोला नदीमा थुप्रिएको नदीजन्य पदार्थको व्यवस्थापन गर्न स्थानीय बासिन्दाले माग गरेका छन्। "नदीजन्य पदार्थ धेरै वर्षदेखि नउठाइँदा समस्या आएको छ," मनोज चौधरीले भन्नुभयो, "वैज्ञानिक तरिकाले नदीजन्य पदार्थ उठाएर वर्षाको बाढीको पानी बग्ने व्यवस्था मिलाइदिनुपर्‍यो।" बाढीको पानी बग्ने ठाउँ साँघुरिँदै तथा पुरिँदा समस्या भएकाले तत्काल नगर पालिकाले ठेक्का प्रक्रियामार्फत नदीजन्य पदार्थ उठाउने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ। "तीन दशक अघिसम्म जिल्ला विकास समितिले नदीजन्य पदार्थ उठाएर सडक निर्माणमा प्रयोग गर्दै आएको थियो," फुलपट्टु डगौराले भन्नुभयो, "जिल्ला विकास समिति विघटन भएपछि नदीजन्य पदार्थ उठाइएको छैन, त्यसपछि बाढीजन्य विपत् सामना गर्दै आएका छौँ।" थोरै वर्षामा बाढी गाउँ पस्दा बेलडाँडी गाउँका दुई सय ३० परिवार प्रभावित भएका छन्। जसमध्ये ३५ परिवार बाढीको उच्च जोखिममा छन्। शुक्लाफाँटा नगरपालिकाका प्रवक्ता लालबहादुर ऐर केही नदीमा नदीजन्य पदार्थ व्यवस्थापन गर्न गौँडी र अनौखी खोलाको ठेक्का प्रक्रिया अगाडि बढेको बताउनुहुन्छ। बाढीजन्य विपत्का घटना भइरहेका अन्य क्षेत्रको अध्ययन गरी बस्ती पनि सुरक्षित रहोस्, नदीजन्य पदार्थको वैज्ञानिक तरिकाले व्यवस्थापन कसरी गर्न सकिन्छ भनेर काम अगाडि बढाउन नगरप्रमुख, उपप्रमुखलगायत कार्यपालिका सदस्यसँग छलफल गरी कार्य अगाडि बढाउने उहाँ बताउनुहुन्छ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा कांधमा कांध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# पलाँतामा खानेपानीको ट्याङ्की छ, तर पानी छैन



■ नमस्ते समचारदाता
कालीकोट, मंसिर/२९

कालीकोटको प्रायः धेरै क्षेत्रमा पिउने पानीको अभाव छ। पिउने पानीको परिपूर्तिका लागि गाउँमा संरचना बने पनि धारामा पानी भने आउँदैन। जिल्लाको पलाँता गाउँपालिका-१ खाडा बस्ती प्रायः पिउने पानीको अभाव भइरहने क्षेत्र हो । यहाँ पानीका लागि भनेर ट्याङ्की बने पनि ट्याङ्की भित्र पानी हुँदैन । यहाँको बस्तीका नागरिकलाई पिउने पानीको अभाव सधैं हुने हुँदा सरकार र गैरसरकारी सँस्थाको लगानीमा संरचना निर्माण भए पनि पानी आपूर्ति हुन सकेको छैन । पानीको स्रोत नहेरी बनाइएका संरचनाले नागरिकको आबश्यक्ता पूर्ति नहुने सरकारको भनाइ छ । पलाँता-१ खाडामा पानीको स्रोत छैन। धेरै टाढाबाट पानी ल्याउनु पर्ने भएकाले बनेका संरचनाको संरक्षण गर्नु यहाँको पहिलो काम हो। तर उपभोक्ताले समेत पानीको संरक्षण नगर्दा अभाव कायमै छ। पालाँता गाउँपालिका निर्वतमान अध्यक्ष लक्ष्मणबहादुर बमले पानीको अभाव एउटा स्रोत नभएर हो भने अर्कोतर्फ संरक्षण गर्ने बानी नभएकाले अभाव सधै भइरहेको बताए । अध्यक्ष बमले नागरिकमा पनि आफ्नो संरचनाको सुरक्षा गर्ने बानीको बिकास हुनु पर्ने बताउँछन् । पलाँताका अधिकांश क्षेत्रमा पिउने पानीको अभाव सधै भइरहने गरेको छ । पानी अभावका कारणले सरसफाइमा समस्या छ । यहाँको समस्या समाधानका लागि पूर्व मन्त्री खड्कबहादुर बिश्वकर्माले धेरै प्रयास गरेका थिए । त्यो प्रयास पनि असफल भएको छ । तत्कालीन गाउँपालिका अध्यक्ष बमले पलाँता निर्माण कार्यदल समेत गठन गरेर पानी आपूर्तिका लागि परिचालन गरेका थिए । पछिल्लो समय कालीकोटमा पानीका स्रोत कम हुँदै जान थालेका छन् । गाउँमा हुने डोजरे विकासले पनि पानीका मुहान छिर्न थालेपछि पलाँता मात्र होइन, राम्रो पानीको व्यवस्थापन भएका स्थानीय तहमा पनि पिउने पानीको समस्या हुँदै आइरहेको छ । सदरमुकाम मान्ममा समेत पिउने पानीको अभाव भइरहेको स्थानीयको भनाइ छ । बजार क्षेत्र विस्तार हुँदै जाँदा पानीको अभाव बढ्दै गएको हो । खाँडाचक्र नगपालिका-१ का वडाध्यक्ष धर्मराज ताम्राकारले पानी आपूर्तिलाई सहज बनाउन गरिएका प्रयास असफल हुँदै आएको बताए। उनले जलस्रोतमा धनी भएको देशमा पनि नागरिकले पानीको अभाव खेप्नुपर्दा आफैंलाई अप्ठ्यारो लाग्ने गरेको बताए ।

# बाजुरामा घाँटी रेटी एक बालिकाको हत्या



■ नमस्ते समचारदाता
बाजुरा, मंसिर/२९

बाजुरामा एक नाबालिकाको घाँटी रेटी हत्या गरिएको छ। बुढीगङ्गा नगरपालिका वडा नं-२ नडाङ्ग बस्ने वर्ष ४८ का नन्दे सनाईले ८ वर्षीया विनिता सनाईको घाँटी रेटी हत्या गरेको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ। सोही नगरपालिका बस्ने हर्क सनाई र तुला देवि सनाईकी ८ वर्षीया छोरी विनिता घर पछाडी खेलिरहेको बेला नन्देले घाँटी रेटी हत्या गरेको जिल्ला प्रहरी कार्यालय बाजुरा सूचना अधिकारी जनक बोहराले जानकारी दिएका हुन । नन्देले बालिकाको धारिलो हतियारले टाउँको काटेर आफ्नो घरमा लुकेर बसेको मृतक बालिकाको जेठो बुबा लुलाराम नेपालीले जानकारी दिए । सनाईले बालिकालाई धारिलो हतियारले टाउँको काटेर आफ्नो घरमा लिएर घरको ढोकाको चुक्कुल लगाएर घरमा बसेको बेलामा प्रहरीले उसलाई नियन्त्रणमा लिएको सूचना अधिकारी बोहराले बताए । उनले भने, 'अभियुक्त सनाईलाई अहिले जिल्ला प्रहरी कार्यालयमा राखेको छ । आफन्तको जाहेरी आउने वित्तिकै उसलाई मुद्दा चलाउने तयारी भइरहेको छ।' अभियुक्त सनाइले हत्यामा प्रयोग गरेका हँसिया, कोदालो र बन्चरो सबै हतियार नियन्त्रण गरेर उसलाई हिजै राति जिल्ला प्रहरी कार्यालयमा राखेको छ। मृतक बालिकालाई पनि पोष्टमार्टमका लागि अहिले जिल्ला अस्पताल बाजुरामा राखेको सूचना अधिकारी बोहराले जानकारी गराए ।


# जलवायु परिवर्तनबारे सार्वजनिक सुनुवाइ




■ नमस्ते समचारदाता
धनगढी, मंसिर/२९

धनगढी उपमहानगरपालिकाको दक्षिण ललितपुरमा जलवायु परिवर्तनका असर र समसामयिक सवालमा सार्वजनिक सुनुवाइ कार्यक्रम भएको छ। 'जनतासँग संसद्' कार्यक्रम अन्तर्गत आयोजित सो सुनुवाइ कार्यक्रममा स्थानीय नागरिकले जलवायुजन्य विपत् बाढी, डुबान, आगलागी, महामारी, भूकम्प, हुरीबतास, र शीतलहरले पारेका गम्भीर असरबारे आफ्ना अनुभव र समस्या खुलस्त रूपमा राखेका छन् । धनगढी उपमहानगर पालिका भित्र सबैभन्दा बढी जोखिममा रहेको क्षेत्र हो वडा नं १९ । यहाँका करिब ८० प्रतिशत जनसंख्या बाढी र डुबानको प्रत्यक्ष मारमा छन् । हरेक वर्षको डुबानले लगभग दुई हजार सात सय नागरिक प्रभावित हुने गर्छन् । २०८१ असोजमा आएको बाढीले मात्रै पाँच सय परिवारलाई क्षति पुर्‍याउँदै दर्जनौं बिघा खेतीयोग्य जमिन नष्ट गरेको थियो । बारम्बारको बाढीले स्थानीयको जीवनमा उथलपुथल ल्याएको छ । कृषि सङ्कट गहिरिएको छ, स्वास्थ्य जोखिम बढ्दै गएको छ, र पानीको समस्या झन् जटिल बन्दै गएको छ । सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीय महिला सुनिता चौधरीले हरेक वर्षको डुबानले ठुलो असर पारेको भन्दै सुरक्षित लाग्ने सार्वजनिक भवन निर्माणको माग गरिनु पर्ने बताइन् । सुरत चौधरीले भने गाउँमा सिँचाइका लागि घण्टाको तीनदेखि चार सय रुपियाँ तिर्नुपर्ने बाध्यता रहेको र सरकारी सहयोगमा बनाइएको बोरिङ अहिले सम्म सञ्चालनमा नआएको प्रति गुनासो गरे । त्यस्तै सन्तोषी चौधरीले मोहना नदीमा तटबन्ध नहुँदा हरेक वर्ष गाउँ डुबानमा पर्ने गरेको गुनासो पोख्दै भनिन्, 'जमिन नै नरहे हामी कहाँ जाने ? के खाने ? स्थान देखाइदिनु पर्‍यो।' स्थानीयको पीडा सुनेपछि सङ्घीय र प्रदेश सांसदहरूले समस्या समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतिनिधि सभा सदस्य रूपासोसी चौधरीले समस्यालाई सङ्घीय संसद्को मुद्दा बनाउँदै सरकारको ध्यानाकर्षण गराउने बताइन । प्रदेश सभाका सदस्यहरू विक्रमसिंह धामी, सन्तोषकुमारी शर्मा थापा, तुलसी देवकोटा र शिवसिंह ओलीले पनि प्रदेश सभामा छलफल गरी समस्या समाधानका लागि साझा पहल गर्ने वाचा गरे । सार्वजनिक लेखा समितिका संयोजक समेत रहेका विक्रमसिंह धामीले गाउँमा निर्माण भएको बोरिङ एक महिनाभित्र सञ्चालनमा ल्याउन पहल गर्ने प्रतिबद्धता जनाएरु। साथै तटबन्ध निर्माणका लागि स्थानीय, प्रदेश र सङ्घीय तहमा समन्वयात्मक पहल गरिने प्रतिबद्धता सो अवसरमा जनाइयो । नागरिकहरूले आफ्नो पीडा र माग स्पष्ट रूपमा राखेपछि जनप्रतिनिधिहरूले देखाएको चासोले आशा जगाएको छ । यद्यपि विगतमा पनि यस्ता वाचा मात्र सीमित हुने गरेको अनुभव स्थानीयसँग छ । अब प्रत्यक्ष कार्यान्वयन र समाधानमूलक कदम चालिए मात्र यो सुनुवाइ सार्थक हुने विश्वास छ । जलवायु परिवर्तन र विपत्का मारमा परेका नागरिकहरूको पीडा सुनेर जनप्रतिनिधिहरूले गरेका प्रतिबद्धता कार्यान्वयन गर्न सके धनगढी उपमहानगरपालिका-१९ का बासिन्दाले राहतको सास फेर्न पाउने छन् ।

# सार्वजनिक सुनुवाइ नै गर्दैनन् मुगुका स्थानीय तह




■ नमस्ते समचारदाता
मुगु, मंसिर/२९

जिल्लाका चार वटा स्थानीय तहका वडा कार्यालयहरूले सार्वजनिक सुनुवाइ नै नगरेको पाइएको छ । सामाजिक जबाफदेहिताको औजारका रूपमा मानिने सार्वजनिक सुनुवाइ गाउँ बस्तीमा नगर्दा सरकारले सञ्चालन गर्ने विकास गतिविधिको जानकारी पाउनबाट सर्वसाधारण वञ्चित हुने गरेका छन् । नागरिक अभियन्ता रूपबहादुर मल्लका अनुसार सर्वसाधारणलाई विकास, सुशासन, समुन्नत समाज निर्माण, आत्मनिर्भर बनाउन घर आँगनको सिंहदरबारले सञ्चालन गर्ने कार्यक्रम जनतालाई एक वर्षमा चार पटक सार्वजनिक सुनुवाइका माध्यमबाट सुसूचित गर्नुपर्ने स्थानीय सुशासन कार्यविधिमा उल्लेख छ। तर, जिल्लाका सोरु गाउँपालिका, खत्याड गाउँ पालिका, मुगुम कार्मारोङ गाउँ पालिका र छायाँनाथ रारा नगरपालिका गरि जम्मा ४५ वटा वडा कार्यालयहरू रहेका छन्। उक्त जिल्लाका वडा कार्यालयहरूले स्थापना भएदेखि अहिले सम्म सार्वजनिक सुनुवाइ नै नगरेको उहाँले बताउनुभयो । छायाँनाथ रारा नगरपालिका वडा नं १४ बाम गाउँका स्थानीय रत्न बहादुर बडूवालका अनुसार वडा कार्यालयले योजना निर्माण र कार्यसम्पादनको सार्वजनिक सुनुवाइ नगर्दा वडाका बस्तीमा भ्रष्टाचार मौलाउँदै गएको उहाँको गुनासो रहेको छ। उहाँले भन्नुभयो सम्बन्धित वडा कार्यालयहरूले स्थानीय तहको कार्यविधि अनुसार सार्वजनिक सुनुवाइ नगर्ने वडा कार्यालयलाई विकास निर्माणमा रोक लगाउन पालिकाले कार्यविधि बनाउन उहाँले सुझाव दिनुभयो । यता छायाँनाथ रारा नगरपालिकाका नगर प्रमुख विष्णुकुमार भामका अनुसार वडाका सेवाग्राहीहरूको गुनासोलाई सम्बोधन गर्नलाई नगरका वडा कार्यालयलाई सार्वजनिक कार्य विधि अनुसार सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु भनि वडा कार्यालयलाई लिखित प्रत्राचार गरेको धैरै पटक भइसक्यो तर यहाँका वडा कार्यालय हरूले सार्वजनिक सुनुवाइ गर्नमा प्राथमिकता नदिएको उहाँको गुनासो रहेको छ । उहाँले भन्नुभयो अहिले सम्म नियमित सार्वजनिक सुनुवाइ गर्ने १२ नं वडा कार्यालय रहेको छ । सेवा प्रदायक संस्था र सर्वसाधारण एकै थलोमा बसेर सरकारले प्रदान गर्ने सेवा सुविधा र कार्यालय बाट हुने सम्पादन बारे जानकारी गराउने र सोहीअनुसार जनतालाई सेवा सुविधा पहुँच राख्ने बनाउन, कार्यालयका कर्मचारीको कमीकमजोरीका बारेमा सुधार ल्याउन सार्वजनिक सुनुवाइ कार्यक्रम अति उपयोगी विधि भए पनि जिल्लाका स्थानीय निकायका वडा सरकारले सार्वजनिक सुनुवाइ नगर्दा यहाँका समुदायहरू प्रत्यक्ष जानकारी पाउनबाट वञ्चित हुने गरेका छन् ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके